श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४६ सालको ऐन नं. १८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### सार्वजनिक सडक ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः सार्वजनिक सडक ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सार्वजनिक सडक (दोस्रो संशोधन) ऐन, २०४६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. सार्वजनिक सडक ऐन, २०३१ को दफा २ मा संशोधनः सार्वजनिक सडक ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) मा रहेको "कलभर्ट" भन्ने शब्द पछि "साईकल मार्ग र" भन्ने शब्दहरू थपिएका छन् ।

३. मूल ऐनको दफा ३ मा संशोधनः मूल ऐनको दफा ३ मा रहेको "कम वेश गरी तोक्न सक्नेछ" भन्ने शब्दहरूको सट्टा "कम वेश गर्न वा पुल तथा पुलको वरपर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228

नदीको तटबन्ध सुरक्षाको लागि चार किल्लासमेत खोली आवश्यक सीमा तोक्न सक्नेछ" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल ऐनको दफा ३क. मा संशोधनः मूल ऐनको दफा ३क. को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर नगर विकास सम्बन्धी योजना लागू भएको क्षेत्रमा तत्सम्बन्धी प्रचलित नेपाल कानूनमा व्यवस्था भएबमोजिम हुनेछ ।"

५. मूल ऐनको दफा १६ मा संशोधनः मूल ऐनको दफा १६ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः–

"(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सडक विभागले सो उपदफाहरूमा उल्लिखित कार्यहरू तोकिएबमोजिम अन्य कुनै व्यक्ति वा संस्थाद्वारा गराउन सक्नेछ ।"

६. मूल ऐनमा दफा १६क. थपः मूल ऐनको दफा १६ पछि देहायको दफा १६ क. थपिएको छः–

"१६क. वजनको हद निर्धारण गर्नेः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै सार्वजनिक सडकले वहन गर्न सक्ने वजनको हद तोकी त्यस्तो सार्वजनिक सडकमा त्यसरी तोकिएको हद भन्दा बढी वजनको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ ।"

७. मूल ऐनको दफा १९ मा संशोधनः मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः–

"१९. स्वीकृति नलिई सार्वजनिक सडक वा सडक सीमामा कुनै किसिमको काम गर्न नहुनेः (१) सडक विभागको स्वीकृति प्राप्त नगरी कसैले सार्वजनिक सडकसंग जोडिने गरी प्रवेश मार्ग बनाउन, सार्वजनिक सडक वा सडक सीमाभित्र खाडल वा कुलो खन्न वा भत्काउन, किला, लट्ठा, तगारो आदि गाड्न वा हाल्न वा घर टहरो वा छाप्रो बनाउन वा सडक सीमाभित्रको जग्गा आवादी गर्न वा यस्तै अन्य कुनै कार्य गर्नु हुंदैन ।

(२) कसैले सडक विभागको स्वीकृति प्राप्त नगरी उपदफा (१) मा उल्लिखित कुनै कार्य गरेमा सडक विभागले त्यस्तो व्यक्ति उपर यस ऐनको अन्य दफाबमोजिम कुनै कारवाही चलाउनु पर्ने भए सोसमेत चलाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वीकृति नलिई बनाएको प्रवेश मार्ग बन्द गर्न, खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला लट्ठा तगारो आदि उखेल्न वा हटाउन वा बनाएको घर टहरो वा छाप्रो भत्काउन वा आवादी गरेको जग्गा बझ्याउन मुनासिब माफिकको म्याद तोकी त्यस्तो व्यक्तिको नाउँमा आदेश जारी गर्न सक्नेछ ।

(३) सम्बन्धित व्यक्तिले उपदफा (२) बमोजिम जारी भएको आदेश पालन नगरेमा त्यस्तो व्यक्तिले बनाएको प्रवेश मार्ग बन्द गर्न वा खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न वा हटाउन वा बनाएको घर, टहरो वा छाप्रो भत्काउन वा आवादी गरेको जग्गा बझ्याउन सक्नेछ र सो बापत लागेको खर्चको रकम सम्बन्धित व्यक्तिबाट सडक विभागले असूल उपर गरी लिन सक्नेछ ।"

८. मूल ऐनको दफा ३० मा संशोधनः मूल ऐनको दफा ३० को,–

(१) उपदफा (१) मा रहेको "पाँचसय रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "दुई हजार रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) कसैले दफा १६ बमोजिम लगाएको रूख उखेलेमा वा काटेमा वा दफा १६क. विपरीत बढी वजनको सवारी चलाएमा वा दफा १७ बमोजिम माटो ढुङ्गा बालुवा लिंदा बाधा विरोध गरेमा वा दफा १८को बर्खिलाप कुनै काम गरेमा दुई हजार रूपैयाँसम्म जरीवाना हुनेछ ।"

(३) उपदफा (३) मा रहेको "एक हजार रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "पाँच हजार रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

९. मूल ऐनमा दफा ३०क. थपः मूल ऐनको दफा ३० पछि देहायको दफा ३०क. थपिएको छः–

"३०क. मुद्दाको तहकिकात र दायरीः यस ऐनबमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात कम्तीमा राजपत्रअनंकित प्रथम श्रेणीसम्मको कर्मचारीले गर्नेछ र त्यस्तो तहकिकातको काम पुरा भए पछि सडक विभागको सम्बन्धित कार्यालय प्रमुखले सडक विभाग वा दफा ३१ बमोजिम तोकेको अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मूल ऐनको दफा ३१ मा संशोधनः मूल ऐनको दफा ३१ को,–

(१) उपदफा (१) मा रहेको "सडक विभागलाई" भन्ने शब्दहरूको सट्टा "सडक विभाग वा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अधिकारीलाई" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) उपदफा (१) बमोजिम कारवाही गर्दा सडक विभाग वा तोकेको अधिकारीले प्रचलित कानूनबमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछ ।"

(३) उपदफा (३) मा रहेका "सडक विभाग" भन्ने शब्दहरूको सट्टा "सडक विभाग वा तोकेको अधिकारीले" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४६।७।११।६

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४६ सालको ऐन नं. १९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २६१

## छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०३९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०३९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "छापाखाना र प्रकाशन सम्बन्धी (पहिलो संशोधन) ऐन, २०४६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०३९ मा दफा १५क. र १५ख. थपः छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०३९ को दफा १५ पछि देहायका दफा १५क. र १५ख. थपिएका छन्ः–

"१५क. विदेशी प्रकाशनको पैठारीमा नियन्त्रणः (१) देहायको उद्देश्य भएको वा त्यस्तो सम्भावित परिणाम हुन सक्ने सामग्री भएको विदेशी प्रकाशनको पैठारीमा रोक लगाउने गरी श्री ५ को सरकारले आदेश जारी गर्न सक्नेछः–

(क) राष्ट्रिय हित र मर्यादा विरूद्ध हुने कुराहरू गर्ने,
(ख) राष्ट्रको शान्ति, व्यवस्था र सुरक्षामा खलल पुऱ्याउने,
(ग) विदेशी राज्य तथा सरकारसंगको सम्बन्धमा खलल पुऱ्याउने, र
(घ) सर्वसाधारण जनताको सदाचार र नैतिकतामा आँच पुऱ्याउने ।

(२) उपदफा (१) बमोजिम रोक लगाइएका प्रकाशन पैठारी हुन लागेको शङ्का लागेमा सम्बन्धित भन्सार वा हुलाक हाकिमले त्यस्तो माल वस्तु समेत रोकी खोली शङ्का लागेको प्रकाशनको दुई प्रति स्थानीय पदाधिकारी कहाँ चलानीसाथ पठाई बाँकी आफू कहाँ रोकी राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम भन्सार वा हुलाक हाकिमले पठाएको प्रकाशन प्राप्त भए पछि स्थानीय पदाधिकारीले त्यस्तो प्रकाशन रोक्नु पर्ने कुनै कारण भए सो कारणसमेत जनाई पैठारीकर्तालाई सूचना दिनु पर्नेछ र रोक्नु पर्ने कुनै कारण नभए त्यस्तो प्रकाशन प्राप्त भएको बाह्र घण्टाभित्र भन्सार वा हुलाक हाकिमले रोकी राखेको प्रकाशन पैठारीकर्तालाई फिर्ता बुझाउने आदेश दिनु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२६२

(४) उपदफा (१) बमोजिम रोक लगाइएका प्रकाशन बिक्री गर्ने उद्देश्यले पैठारी वा बिक्री वितरण गर्ने व्यक्तिलाई दफा २३ वा २४ बमोजिम सजाय हुनेछ ।

(५) श्री ५ को सरकारले आवश्यक देखेमा उपदफा (१) बमोजिम लगाइएको रोक जुनसुकै बखत हटाउन सक्नेछ ।

१५ख. विदेशी प्रकाशन पैठारी, बिक्री वितरण वा प्रदर्शन गर्न इजाजतपत्र लिनु पर्नेः (१) विदेशी प्रकाशन नेपाल अधिराज्यभित्र पैठारी, बिक्री वितरण वा प्रदर्शन गर्न चाहने व्यक्तिले इजाजतपत्र लिनु पर्नेछ र त्यस्तो इजाजतपत्रको लागि तोकिएको अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

तर निजी प्रयोगको लागि कुनै विदेशी प्रकाशन झिकाउन वा आफ्नै साथमा ल्याउन इजाजतपत्र लिनु पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा तोकिएको अधिकारीले इजाजतपत्र दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको इजाजतपत्रको ढाँचा, दस्तूर, अवधि, नवीकरण तथा अन्य शर्तहरू तोकिएबमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम इजाजतपत्र नलिई कुनै विदेशी प्रकाशन पैठारी, बिक्री वितरण वा प्रदर्शन गर्ने व्यक्तिलाई तीन हजार रूपैयाँसम्म जरीवाना हुनेछ र त्यसरी पैठारी, बिक्री वितरण वा प्रदर्शन गरिएको विदेशी प्रकाशन समेत जफत हुनेछ ।"

आज्ञाले,

ईश्वरबहादुर श्रेष्ठ

श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४६।७।११।६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६२